# भाग २

## नेपाल सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

प्रतिनिधिसभाको घोषणा, २०६३ जारी भएको पहिलो वर्षमा प्रतिनिधिसभाले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०६३ सालको ऐन नं. १४

## मालसामानको बहुविधिक ढुवानीको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : बहुविधिक ढुवानी सेवाको विकास तथा सञ्चालन गरी मुलुकको व्यापारिक क्षमतालाई अभिवृद्धि गर्न तथा अन्तर्राष्ट्रिय व्यापारको विविधिकरण गरी मुलुकको अर्थतन्त्रलाई सुदृढ पार्न मालसामानको बहुविधिक ढुवानीका सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रतिनिधिसभाको घोषणा, २०६३ जारी भएको पहिलो वर्षमा प्रतिनिधिसभाले यो ऐन बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "मालसामानको बहुविधिक ढुवानी ऐन, २०६३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "बहुविधिक ढुवानी (मल्टी मोडल ट्रान्सपोर्टेशन)" भन्नाले बहुविधिक ढुवानी करारको आधारमा मालसामान ढुवानी गर्ने कार्य सम्झनु पर्छ ।

(ख) "बहुविधिक ढुवानी करार" भन्नाले बहुविधिक ढुवानी सञ्चालनकर्ताले नेपाल राज्यको कुनै एक स्थानमा रहेको प्रेषकबाट मालसामान बुझिलिई नेपाल राज्यबाहिरको तोकिएको कुनै स्थानसम्म दुई वा दुईभन्दा बढी फरक यातायातको साधन प्रयोग गरी मालसामान हस्तान्तरण गर्ने प्रेषक र बहुविधिक ढुवानी सञ्चालनकर्ताबीच भएको करार सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "बहुविधिक ढुवानी सञ्चालनकर्ता" भन्नाले बहुविधिक ढुवानी सेवा सञ्चालन गर्न दफा ४ बमोजिम इजाजतपत्रप्राप्त कम्पनी सम्झनु पर्छ ।

(घ) "विभाग" भन्नाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग सम्झनु पर्छ ।

(ङ) "प्रेषक (कन्साईनर)" भन्नाले मालसामान हस्तान्तरण गर्ने सम्बन्धमा बहुविधिक ढुवानी सञ्चालनकर्तासँग बहुविधिक ढुवानी करार गर्ने व्यक्ति सम्झनु पर्छ ।

(च) "प्रापक (कन्साईनी)" भन्नाले बहुविधिक ढुवानी करारबमोजिम वहुविधिक ढुवानी सञ्चालनकर्ता वा निजको आधिकारिक एजेण्ट वा प्रतिनिधिबाट मालसामान बुझिलिने हक प्राप्त भएको व्यक्ति सम्झनु पर्छ ।

(छ) "बहुविधिक ढुवानीपत्र" भन्नाले बहुविधिक ढुवानी करारबमोजिम बहुविधिक ढुवानी सञ्चालनकर्ताले प्रेषकबाट मालसामान बुझिलिई त्यस्तो मालसामान ढुवानी गरी हस्तान्तरण गर्ने दायित्व स्वीकार गरेको बहुविधिक ढुवानी करारलाई प्रमाणित गर्ने लिखत सम्झनु पर्छ ।

(ज) "विनिमेय अधिकारयुक्त बहुविधिक ढुवानीपत्र (नेगोशियवल मल्टिमोडल ट्रान्सपोर्ट डकुमेण्ट)" भन्नाले निर्देशित व्यक्ति वा बाहकको नाममा जारी भएको वा निर्देशित व्यक्ति वा बाहकले अर्को व्यक्तिलाई दरपीठ गरी वा नगरी हस्तान्तरण गर्न मिल्ने गरी जारी भएको बहुविधिक ढुवानीपत्र सम्झनु पर्छ ।

(झ) "विनिमेय अधिकारविहीन बहुविधिक ढुवानीपत्र (नन्नेगोशियवल मल्टिमोडल ट्रान्सपोर्ट डकुमेण्ट)" भन्नाले प्रापकको नाम उल्लेख भई जारी भएको बहुविधिक ढुवानीपत्र सम्झनु पर्छ ।

(ञ) "हस्तान्तरण" भन्नाले बहुविधिक ढुवानी करारबमोजिम प्रापक वा प्रेषकको लिखित अनुमतिबमोजिम तोकिएको कुनै व्यक्तिलाई मालसामान बुझाउने कार्य सम्झनु पर्छ।

(ट) "जिम्मा लिएको" भन्नाले बहुविधिक ढुवानी करारबमोजिम ढुवानी भएको मालसामान प्रापकलाई हस्तान्तरण गर्नको लागि बहुविधिक ढुवानी सञ्चालनकर्ताले प्रेषकबाट मालसामान बुझिलिने काम सम्झनु पर्छ।

(ठ) "मालसामान" भन्नाले कन्टेनर वा प्याक भएको वा नभएको डिब्बा, प्यालेट वा त्यस्तै प्रकृतिका ढुवानीका मालसामान र जीवित जीवजन्तु समेत सम्झनु पर्छ।

(ड) "एस.डी.आर. (स्पेशल ड्रईङ्ग राइटस)" भन्नाले अन्तर्राष्ट्रिय मुद्रा कोषले समय समयमा परिभाषा गरेबमोजिमको एस.डी.आर. सम्झनु पर्छ।

(ढ) "दरपीठ" भन्नाले बहुविधिक ढुवानीपत्रमा उल्लिखित मालसामानको स्वामित्व बहुविधिक ढुवानी करारबमोजिम तोकिएको व्यक्तिलाई हस्तान्तरण गर्नका लागि बहुविधिक ढुवानीपत्रको अग्रभाग वा पछाडिपट्टि देखिने गरी कैफियत उल्लेख गरी प्रापकले दस्तखत गर्ने काम सम्झनु पर्छ।

(ण) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

## परिच्छेद-२

## इजाजतपत्र सम्बन्धी व्यवस्था

३. इजाजतपत्र नलिई बहुविधिक ढुवानी सेवा सञ्चालन गर्न नहुने : कसैले पनि यस ऐनबमोजिम इजाजतपत्र नलिई बहुविधिक ढुवानी सेवा सञ्चालन गर्न हुँदैन।

८३६

४. इजाजतपत्र सम्बन्धी व्यवस्था : (१) बहुविधिक ढुवानी सेवा सञ्चालन गर्न चाहने देहायबमोजिमको योग्यता भएको कम्पनीले तोकिएको निवेदन दस्तुर सहित विभागमा निवेदन दिनु पर्नेछ :-

(क) कम्पनीको नाउँमा कम्तीमा एक करोड रुपैयाँ चुक्ता पूँजी भएको,

(ख) नेपालबाहिर कम्तीमा दुईवटा मुलुकमा आफ्नो कम्पनीको शाखा, आधिकारिक एजेण्ट वा प्रतिनिधि रहेको,

(ग) तोकिएबमोजिमको जनशक्ति, भौतिक सम्पत्ति तथा अन्य व्यवस्थापकीय क्षमता भएको ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन छानविन गर्दा निवेदकलाई बहुविधिक ढुवानी सेवा सञ्चालन गर्ने इजाजतपत्र दिन मनासिब देखिएमा विभागले इजाजतपत्रबापत पच्चीस हजार रुपैयाँ दस्तुर लिई निवेदन परेको साठी दिनभित्र इजाजतपत्र दिनेछ ।

(३) उपदफा (२) बमोजिम छानविन गर्दा निवेदकको मागवमोजिम इजाजतपत्र दिन नमिल्ने देखिएमा सोको कारण खुलाई विभागले निवेदकलाई निवेदन परेको साठी दिनभित्र जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम प्रदान गरिएको इजाजतपत्रको अवधि पाँच वर्षको हुनेछ । सो अवधि समाप्त भएपछि इजाजतपत्रवालाले इजाजतपत्र नवीकरण गर्न चाहेमा तोकिएको दस्तुर विभागमा बुझाई इजाजतपत्र नवीकरण गर्न सक्नेछ ।

५. इजाजतपत्र रद्द हुन सक्ने : (१) देहायका अवस्थामा दफा ४ बमोजिम दिइएको इजाजतपत्र रद्द हुनेछ :-

(क) इजाजतपत्रप्राप्त कम्पनीको चुक्ता पूँजी एक करोड रुपैयाँ नभएको कुरा प्रमाणित भएमा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) बहुविधिक ढुवानीपत्रमा प्रापकको नाम उल्लेख भएकोमा त्यस्तो व्यक्ति वा विनिमेय अधिकारयुक्त बहुविधिक ढुवानीपत्र जारी भएकोमा त्यस्तो ढुवानीपत्र दरपीठबाट अन्य व्यक्तिलाई हस्तान्तरण भएकोमा त्यस्तो व्यक्ति वा त्यस्तो ढुवानीपत्रको वाहकलाई त्यस्तो ढुवानीपत्रमा उल्लिखित मालसामानउपर स्वामित्व रहेको मानिनेछ ।

८. बहुविधिक ढुवानीपत्रमा दस्तखत गर्नु पर्ने : (१) बहुविधिक ढुवानी सञ्चालनकर्ताले बहुविधिक ढुवानीपत्रमा दस्तखत गरेको हुनु पर्नेछ ।

(२) बहुविधिक ढुवानीपत्रमा गरिने दस्तखत हस्तलिखित वा प्रचलित कानूनले मान्यता दिएको अन्य जुनसुकै माध्यमबाट हुन सक्नेछ ।

९. बहुविधिक ढुवानीपत्रमा उल्लेख हुनु पर्ने कुराहरु : बहुविधिक ढुवानीपत्रमा देहायका कुराहरु उल्लेख भएको हुनु पर्नेछ :-

(क) मालसामानको प्रकृति, पहिचानको चिन्ह, खतरापूर्ण प्रकृतिको मालसामान भए सोको विवरण, प्याकेज (पोका) वा संख्याको विवरण, मालसामानको कुल तौल वा परिमाण तथा प्रेषकले दाखिला गरेबमोजिमको अन्य विवरण,

(ख) मालसामानको बाह्य स्थिति,

(ग) बहुविधिक ढुवानी सञ्चालनकर्ताको नाम तथा कारोबारको मुख्य स्थान,

(घ) प्रेषकको नाम र ठेगाना,

(ङ) प्रेषकले प्रापकको नाम उल्लेख गरेको भए सोको विवरण,

(च) बहुविधिक ढुवानी सञ्चालनकर्ताले मालसामान बुझेको स्थान र मिति,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) बहुविधिक ढुवानी करारका पक्षहरुबीच मन्जूरी भएबमोजिम मालसामान हस्तान्तरण गर्नु पर्ने ठाउँ, मिति र समयावधि,

(ज) बहुविधिक ढुवानीपत्र विनिमेय अधिकारयुक्त वा विनिमेय अधिकारविहीन के हो सोको विवरण,

(झ) बहुविधिक ढुवानीपत्र जारी भएको मिति र स्थान,

(ञ) बहुविधिक ढुवानी सञ्चालनकर्ता वा निजको आधिकारिक प्रतिनिधिको सहीछाप,

(ट) प्रापक वा प्रेषकले बुझाउनु पर्ने ढुवानी शुल्क वा ढुवानी शुल्क बुझाइसकेको भए सोको विवरण,

(ठ) बहुविधिक ढुवानी करारका पक्षहरुबीच सहमति भएबमोजिमको मालसामान ढुवानी गर्ने मार्ग र माध्यम,

(ड) बहुविधिक ढुवानी करारका पक्षहरुले बहुविधिक ढुवानीपत्रमा समावेश गर्न मन्जूर गरेका अन्य कुराहरु ।

१०. विनिमेय अधिकारयुक्त बहुविधिक ढुवानीपत्र जारी गर्ने : विनिमेय अधिकारयुक्त बहुविधिक ढुवानीपत्र जारी गर्दा देहायबमोजिम जारी गर्नु पर्नेछ :-

(क) निर्देशित व्यक्ति वा वाहकको नाममा जारी भएको हुनु पर्ने,

(ख) निर्देशित व्यक्तिका नाममा जारी भएको बहुविधिक ढुवानीपत्र दरपीठबाट अन्य व्यक्तिको नाममा हस्तान्तरण हुन सक्ने,

(ग) वाहकका नाममा जारी भएको बहुविधिक ढुवानीपत्र दरपीठ विना नै अन्य व्यक्तिलाई हस्तान्तरण हुन सक्ने,

(घ) एकभन्दा बढी बहुविधिक ढुवानीपत्र जारी भएकोमा त्यस्तो ढुवानीपत्रमा सो व्यहोरा उल्लेख भएको हुनु पर्ने ।



आधिकारिकता मुद्रण विभाग(बाट) प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. विनिमेय अधिकारयुक्त बहुविधिक ढुवानीपत्रबाट मालसामान हस्तान्तरण गर्न सक्ने : (१) दफा १० बमोजिम जारी भएको विनिमेय अधिकारयुक्त बहुविधिक ढुवानीपत्रबमोजिम बहुविधिक ढुवानी सञ्चालनकर्ता वा निजको एजेण्ट वा प्रतिनिधिले प्रापक वा निजको एजेण्ट तथा प्रतिनिधिलाई मालसामान हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मालसामान हस्तान्तरण भएकोमा रीतपूर्वक मालसामान हस्तान्तरण भएको मानिनेछ ।

तर विनिमेय अधिकारविहीन बहुविधिक ढुवानीपत्र जारी भएको अवस्थामा प्रेषकको लिखित अनुमति लिई त्यस्तो अनुमतिपत्रमा तोकिएको अन्य कुनै व्यक्तिलाई मालसामान हस्तान्तरण गर्न बाधा पर्ने छैन ।

१२. बहुविधिक ढुवानीपत्रमा कैफियत जनाउन सकिने : (१) बहुविधिक ढुवानीपत्र जारी गर्दा सो ढुवानीपत्रमा उल्लेख गरिएको मालसामानको सामान्य प्रकृति, प्रमुख चिन्ह, पोका वा थानको संख्या, तौल वा परिमाण बुझिलिएको मालसामानसँग दुरुस्त मेल नखाने कुरा बहुविधिक ढुवानी सञ्चालनकर्ता वा निजको तर्फबाट काम गर्ने व्यक्तिलाई थाहा हुन आएमा वा त्यसरी बुझिलिएका मालसामान दुरुस्त नभएको शंका गर्नु पर्ने मनासिब कारण भएमा वा त्यस्ता विवरणहरु जाँच गर्न आवश्यक पर्ने साधनहरु निजसँग नभएमा बहुविधिक ढुवानी सञ्चालनकर्ता वा निजको तर्फबाट काम गर्ने व्यक्तिले बहुविधिक ढुवानीपत्रमा दुरुस्त नभएका त्यस्ता विवरणहरु, शंका गर्नुपर्ने आधारहरु वा जाँच गर्न आवश्यक पर्ने साधनहरु नभएको कुरा उल्लेख गरी कैफियत जनाउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफामा लेखिएका कुनै एक वा एकभन्दा बढी विवरण उल्लेख नभएको कारणले मात्र बहुविधिक ढुवानीपत्रको कानूनी मान्यताउपर कुनै किसिमले प्रतिकूल प्रभाव पारेको मानिनेछैन ।

१३. कैफियत जनाई मालसामान बुझिलिन सक्ने : (१) दफा १२ मा जुनसुकै कुरा लेखिएको भए तापनि बहुविधिक ढुवानी सञ्चालनकर्ता

८१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा निजको आधिकारिक प्रतिनिधिले प्रेषक वा निजको आधिकारिक एजेण्ट वा प्रतिनिधिबाट ढुवानीको लागि मालसामान बुझिलिँदा ढुवानीपत्रमा उल्लिखित व्यहोरासँग दुरुस्त मेल नखाने कुराको सम्बन्धमा कुनै शंका लागेमा सोही व्यहोरा कैफियत जनाई मालसामान बुझिलिन सक्नेछ ।

(२) बहुविधिक ढुवानी सञ्चालनकर्ता वा निजको आधिकारिक प्रतिनिधिले उपदफा (१) बमोजिम कुनै कैफियत नजनाई प्रेषक वा निजको आधिकारिक एजेण्ट वा प्रतिनिधिबाट ढुवानीको लागि मालसामान बुझिलिएमा ढुवानीपत्रमा उल्लिखित मालसामान दुरुस्त भएको मानिनेछ ।

१४. <u>बहुविधिक ढुवानीपत्र आधारभूत प्रमाण हुने</u> : बहुविधिक ढुवानी सञ्चालनकर्ताले प्रेषकबाट बहुविधिक ढुवानीपत्रमा उल्लेख भएबमोजिम मालसामान बुझिलिएकोमा त्यस्तो ढुवानीपत्र त्यसरी मालसामान बुझिलिएको कुराको आधारभूत प्रमाण हुनेछ ।

१५. <u>ढुवानीपत्रमा उल्लिखित मालसामानको विवरणको प्रत्याभूति</u> : प्रेषक, निजको आधिकारिक एजेण्ट वा प्रतिनिधिले बहुविधिक ढुवानी सञ्चालनकर्तालाई मालसामान ढुवानीको लागि बुझाउँदा बहुविधिक ढुवानीपत्रमा उल्लिखित विवरण त्यसरी बुझाइएका मालसामानको विवरणको सम्बन्धमा सामान्य प्रत्याभूति दिएको मानिनेछ ।

१६. <u>मालसामान हस्तान्तरण विधि</u> : बहुविधिक ढुवानी सञ्चालनकर्ताले बहुविधिक ढुवानी करारबमोजिम प्रापकलाई मालसामान हस्तान्तरण गर्दा देहायबमोजिम हस्तान्तरण गर्नु पर्नेछ :-

(क) वाहक अङ्कित विनिमेय अधिकारयुक्त बहुविधिक ढुवानीपत्र जारी भएको अवस्थामा सोको सक्कल प्रति दाखिला गर्ने व्यक्तिलाई हस्तान्तरण गरेर,

(ख) निर्देशित व्यक्ति अङ्कित विनिमेय अधिकारयुक्त बहुविधिक ढुवानीपत्र जारी भएको अवस्थामा रीतपूर्वक दरपीठ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएको बहुविधिक ढुवानीपत्र दाखिला गर्ने व्यक्तिलाई हस्तान्तरण गरेर,

(ग) प्रापकको नाम अङ्कित विनिमेय अधिकारविहीन बहुविधिक ढुवानीपत्र जारी भएको अवस्थामा प्रेषकको लिखित अनुमतिपत्रमा उल्लिखित प्रापक हो भन्ने मनासिब प्रमाण पेश गर्ने व्यक्तिलाई हस्तान्तरण गरेर।

## परिच्छेद-४
## बहुविधिक ढुवानी सञ्चालनकर्ताको दायित्व

१७. बहुविधिक ढुवानी सञ्चालनकर्ताको दायित्व : (१) बहुविधिक ढुवानी सञ्चालनकर्ताले प्रेषकबाट बहुविधिक ढुवानी करारबमोजिम मालसामान बुझिलिएपछि दफा १६ बमोजिम मालसामान हस्तान्तरण नगरेसम्म मालसामानउपरको सम्पूर्ण दायित्व निजको हुनेछ।

(२) बहुविधिक ढुवानी करारको परिपालनाको सिलसिलामा बहुविधिक ढुवानी सञ्चालनकर्ता, निजको कर्मचारी वा निजको प्रतिनिधिबाट हुन गएको कुनै पनि कार्यप्रति बहुविधिक ढुवानी सञ्चालनकर्ता स्वयं जवाफदेही हुनेछ।

(३) उपदफा (१) वा (२) को सर्वमान्यतामा प्रतिकूल नहुने गरी बहुविधिक ढुवानी सञ्चालनकर्ता, निजको कर्मचारी, निजको अधिकारप्राप्त प्रतिनिधि वा करारबमोजिम निजसँग सेवा लिने अन्य कुनै व्यक्तिले बहुविधिक ढुवानी करारबमोजिम ढुवानीका लागि जिम्मा लिएको मालसामान हराएमा, हानि नोक्सानी वा क्षति भएमा वा बहुविधिक ढुवानी करारबमोजिम निर्धारित अवधिभित्र प्रापकलाई हस्तान्तरण नगरेको कारणबाट प्रेषक वा प्रापकलाई हुन गएको मनासिब हानि नोक्सानी वा क्षतिको लागि बहुविधिक ढुवानी सञ्चालनकर्ता स्वयं जवाफदेही हुनेछ र सो बापत निजले क्षतिपूर्ति दिनु पर्नेछ।

तर बहुविधिक ढुवानी सञ्चालनकर्ता, निजको कर्मचारी, निजको प्रतिनिधि वा करारबमोजिम निजसँग सेवा लिने अन्य कुनै

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यक्तिको दोष वा हेलचेक्र्याईंबाट त्यस्तो हानि नोक्सानी वा क्षति नभएको कुरा प्रमाणित भएमा बहुविधिक ढुवानी सञ्चालनकर्ता क्षतिपूर्ति दिन बाध्य हुने छैन ।

१८. बहुविधिक ढुवानी सञ्चालनकर्ताले करार गर्न सक्ने : (१) बहुविधिक ढुवानी सञ्चालनकर्ताले यस ऐनबमोजिम प्रेषकसँग बहुविधिक ढुवानी करार गरी मालसामान ढुवानी गर्न जिम्मा लिएपछि सो करारको शर्तको प्रतिकूल नहुने गरी अन्य कुनै व्यक्तिसँग मालसामान ढुवानीका सम्बन्धमा करार गर्न सक्नेछ ।

(२) बहुविधिक ढुवानी सञ्चालनकर्ताले उपदफा (१) बमोजिम अन्य कुनै व्यक्तिसँग करार गरी सोबमोजिम मालसामान ढुवानी गरेकोमा दफा १७ बमोजिमको दायित्वबाट निजले छुट पाउने छैन ।

१९. मालसामान हस्तान्तरण गर्न ढिलाई भएको मानिने : बहुविधिक ढुवानी करारमा मालसामान ढुवानी गरिसक्नु पर्ने समयावधि किटान गरिएकोमा सो अवधिभित्र र त्यसरी किटान नगरिएको अवस्थामा ढुवानी गर्नु पर्ने मालसामानको प्रकृति, बहुविधिक ढुवानी सञ्चालनकर्ताको अवस्था तथा मालसामान ढुवानी गर्दाको समग्र परिस्थिति समेतको आधारमा मनासिब माफिकको समयावधिभित्र बहुविधिक ढुवानी सञ्चालनकर्ताले मालसामान हस्तान्तरण नगरेमा मालसामान हस्तान्तरण गर्न ढिलाई भएको मानिनेछ ।

२०. मालसामान हराएको मानिने : बहुविधिक ढुवानी करारमा मालसामान हस्तान्तरण गर्ने समयावधि किटान भएकोमा त्यस्तो अवधि भुक्तानी भएको मितिले नब्बे दिनभित्र पनि बहुविधिक ढुवानी सञ्चालनकर्ताले बहुविधिक ढुवानी करारबमोजिम मालसामान हस्तान्तरण नगरेमा मालसामान हराएको मानिनेछ ।

२१. दायित्वको सीमा : (१) बहुविधिक ढुवानी सञ्चालनकर्ताले ढुवानीका लागि मालसामान बुझिलिनुअघि नै त्यसरी ढुवानी गरिने मालसामानको मूल्य घोषणा गरी बहुविधिक ढुवानीपत्रमा उल्लेख गरेको अवस्थामा बाहेक बहुविधिक ढुवानी सञ्चालनकर्ताले ढुवानीको लागि बुझिलिएका मालसामान कुनै किसिमबाट हराए वा हानि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नोक्सानी भएको कारणबाट हुन गएको नोक्सानी बापत त्यसरी हराए वा हानि नोक्सानी भएको प्रत्येक प्याकेज वा एकाइको छ सय छैंसठ्ठी दशमलव छ सात (६६६.६७) एस.डी.आर. वा प्रति किलोग्राम दुई एस.डी.आर. बराबरको रकममध्ये जुन बढी हुन्छ सो रकमसम्म बहुविधिक ढुवानी सञ्चालनकर्ताको दायित्व सीमित हुनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि प्याकेज वा एकाइ कायम गर्दा बहुविधिक ढुवानीपत्रमा उल्लेख गरिएबमोजिमका प्याकेज वा एकाइलाई नै आधार मानिनेछ ।

(३) मालसामान हस्तान्तरण गर्न ढिलाई भएको कारणबाट सृजना भएको दायित्वको हकमा बहुविधिक ढुवानी करारमा सो सम्बन्धमा गरिएको व्यवस्थाका अधीनमा रही बहुविधिक ढुवानी सञ्चालनकर्ताको दायित्व सीमित हुनेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बहुविधिक ढुवानी सञ्चालनकर्ताको दायित्व निजले बहुविधिक ढुवानी करारबमोजिम ढुवानी गर्नु पर्ने सम्पूर्ण मालसामानको कूल मूल्यभन्दा बढी हुने छैन ।

२२. क्षतिको मूल्याङ्कन : (१) बहुविधिक ढुवानी सञ्चालनकर्ताले बहुविधिक ढुवानी करारबमोजिम मालसामान ढुवानी गर्न बुझिलिएपछि त्यस्तो मालसामान बहुविधिक ढुवानी करारबमोजिम हस्तान्तरण हुनुअगावै हराएमा, हानि नोक्सानी भएमा वा अन्य कुनै कारणबाट भएको क्षति बापत क्षतिपूर्ति बुझाउनु पर्ने अवस्था सृजना भएमा त्यसरी हराएको, हानि नोक्सानी भएको वा क्षति भएको मालसामान प्रापकलाई हस्तान्तरण गरिने स्थान र हस्तान्तरण गरिनु पर्ने समयमा कायम हुन सक्ने मनासिब माफिकको मूल्यको आधारमा मूल्याङ्कन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम मूल्य निर्धारण गर्दा तत्काल कायम रहेको प्रचलित बजार मूल्य वा त्यस्तो मूल्य कायम हुन नसकेमा त्यस्तै प्रकारका अन्य मालसामानको मनासिब माफिकको मूल्यको आधारमा मूल्य निर्धारण गर्नु पर्नेछ ।

८४

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बहुविधिक ढुवानी करारबमोजिम ढुवानी गर्नु पर्ने मालसामान सामुद्रिक वा आन्तरिक जलमार्गबाट ढुवानी नभएको अवस्थामा मालसामान हराएमा, हानि नोक्सानी वा क्षति भएमा सो बापत तिर्नु पर्ने क्षतिपूर्तिको रकम प्रतिकिलोग्राम आठ दशमलव तीन तीन (८.३३) ए.स.डी.आर. का दरले हुन आउने रकमभन्दा बढी हुने छैन ।

२३. प्रचलित कानूनबमोजिमको दायित्व : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बहुविधिक ढुवानी करार गरी ढुवानी गरिने मालसामानको सम्बन्धमा नेपाल राज्य पक्ष रहेको कुनै अन्तर्राष्ट्रिय सन्धिबमोजिम थप दायित्व सृजना हुने भएमा वा कुनै राष्ट्रिय कानूनको समेत परिपालना गर्नु पर्ने भएमा त्यस्तो सन्धि वा राष्ट्रिय कानूनबमोजिम निर्धारण भएको दायित्वबाट समेत बहुविधिक ढुवानी सञ्चालनकर्ता मुक्त हुने छैन ।

२४. दायित्वको सीमाको सुविधा नपाउने : बहुविधिक ढुवानी करारबमोजिम ढुवानी गर्नु पर्ने मालसामान बहुविधिक ढुवानी सञ्चालनकर्ता, निजको कर्मचारी वा निजको प्रतिनिधिले जानी जानी वा बदनियतपूर्ण हेलचेक्र्याईं गरेको कारणले हराएको, हानि नोक्सानी वा क्षति भएको वा हस्तान्तरण गर्न ढिलाई हुन गएको कुरा प्रमाणित भएमा यस ऐनबमोजिम बहुविधिक ढुवानी सञ्चालनकर्ताले पाउने दायित्वको सीमासम्बन्धी कुनै पनि सुविधा पाउने छैन ।

## परिच्छेद-५
## विविध

२५. खतरापूर्ण मालसामानका सम्बन्धमा विशेष व्यवस्था : (१) प्रेषकले ढुवानीको लागि तोकिएका खतरापूर्ण मालसामान जिम्मा दिंदा निजले त्यस्ता मालसामानको प्रकृति र त्यस्ता मालसामान ढुवानी गर्दा अपनाउनु पर्ने पूर्व सावधानीका बारेमा बहुविधिक ढुवानी सञ्चालनकर्ता वा निजको प्रतिनिधि वा निजको तर्फबाट काम गर्ने अन्य कुनै व्यक्तिलाई जानकारी गराउनु पर्नेछ ।

६४६


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिमका मालसामान जिम्मा दिँदा सम्भव भएसम्म त्यस्ता मालसामान रहेको प्रत्येक प्याकिङ्गको बाहिरी भागमा सो सम्बन्धमा स्पष्ट विवरण उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रक्रिया पूरा नगरेको वा प्रेषक, निजको कर्मचारी वा निजको प्रतिनिधिको त्रुटी वा लापरवाहीका कारणले बहुविधिक ढुवानी सञ्चालनकर्तालाई बहुविधिक ढुवानी करारबमोजिमका मालसामान ढुवानी गर्ने सम्बन्धमा हुन गएको हानि नोक्सानीको लागि प्रेषक स्वयं जिम्मेवार हुनेछ ।

(४) उपदफा (१) वा (२) बमोजिमको शर्त पूरा नगरेका अवस्थामा बहुविधिक ढुवानी सञ्चालनकर्ता त्यस्ता मालसामान ढुवानी गर्न वाध्य हुने छैन र त्यस्तो मालसामान कुनै पनि बखत कुनै पनि स्थानमा अनलोड गर्न, नष्ट गर्न वा कसैलाई दिन सक्नेछ ।

(५) उपदफा (१) बमोजिमको अवस्था थाहा पाउँदा पाउँदै बहुविधिक ढुवानी सञ्चालनकर्ताले त्यस्ता मालसामान ढुवानी गरेमा त्यसबाट हुन सक्ने हानि नोक्सानीको सम्बन्धमा बहुविधिक ढुवानी सञ्चालनकर्ता स्वयं जवाफदेही हुनेछ ।

२६. <u>मालसामान सही रुपमा हस्तान्तरण गरेको मानिने</u> : (१) बहुविधिक ढुवानी सञ्चालनकर्ता, निजको कर्मचारी वा निजको अधिकारप्राप्त प्रतिनिधिबाट प्रापकले मालसामान बुझिलिएपछि प्रत्यक्ष रुपमा देखिने हानि नोक्सानीको सम्बन्धमा मालसामान बुझिलिएको मितिले दुई दिनभित्र बहुविधिक ढुवानी सञ्चालनकर्ता, निजको कर्मचारी वा निजको प्रतिनिधिलाई लिखित सूचना नदिएमा बहुविधिक ढुवानीपत्रबमोजिमका मालसामान सही रुपमा हस्तान्तरण गरेको मानिनेछ ।

(२) बहुविधिक ढुवानी सञ्चालनकर्ता, निजको कर्मचारी वा प्रतिनिधिबाट प्रापकले बुझिलिएका मालसामान तत्काल जाँचबुझ गर्न नसकिने मनासिब माफिकको आधार भएमा त्यस्ता मालसामानको हकमा त्यस्ता मालसामान बुझिलिएको मितिले तीन दिनभित्र बहुविधिक ढुवानी सञ्चालनकर्ता, निजको कर्मचारी वा निजको

८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रतिनिधिलाई उपदफा (१) बमोजिम सूचना नगरेमा बहुविधिक ढुवानीपत्रबमोजिमका मालसामान सही रुपमा हस्तान्तरण भएको मानिनेछ ।

२७. सामान्य औसत कायम गर्न सक्ने : यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बहुविधिक ढुवानी करार गर्दा सम्बन्धित पक्षहरुले सामान्य औसत (जनरल एभरेज) को शर्त राख्न चाहेमा त्यस्तो शर्तको अधीनमा रही यस ऐनबमोजिमको दायित्व निर्धारण हुन सक्ने छ ।

२८. जरिबाना हुने : दफा ३ को प्रतिकूल हुने गरी कसैले बहुविधिक ढुवानी सेवा सञ्चालन गरेमा निजलाई विभागले दश हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

२९. हदम्याद : यस ऐनबमोजिम भए गरेको कामको सम्बन्धमा उजुर गर्न चाहने व्यक्तिले देहायको मितिबाट छ महिनाभित्र उजुरी दिनु पर्नेछ :-

(क) मालसामान हस्तान्तरण गरेको मिति,

(ख) बहुविधिक ढुवानीपत्रबमोजिम मालसामान बुझाउनु पर्ने मिति,

(ग) मालसामान हराएकोमा दफा २० बमोजिम हराएको मानिने मिति ।

३०. मुद्दा दायर गर्ने क्षेत्राधिकार : यस ऐनबमोजिम कुनै पक्षले मुद्दा चलाउन चाहेमा सम्बन्धित मुलुकको प्रचलित कानूनबमोजिम क्षेत्राधिकार भएको देहायको कुनै अदालतमा मुद्दा दायर गर्न सक्नेछ :-

(क) प्रतिवादीको बसोबास भएको वा निजको मुख्य कारोबार भएको स्थानको अदालत,

(ख) बहुविधिक ढुवानी करार सम्पन्न भएको स्थानको अदालत,

तर यस खण्डबमोजिमको स्थानमा क्षेत्राधिकार कायम हुनका लागि सो स्थानमा प्रतिवादीको व्यापारिक केन्द्र, शाखा वा आधिकारिक प्रतिनिधि रहेको र सो मार्फत बहुविधिक ढुवानी करार सम्पन्न भएको हुनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) बहुविधिक ढुवानी करारबमोजिम मालसामान बुझिलिएको वा हस्तान्तरण गर्ने स्थानको अदालत, वा

(घ) बहुविधिक ढुवानी करारबमोजिम मुद्दा दायर गर्ने सम्बन्धमा पक्षहरुले छुट्टै स्थान उल्लेख गरेको भए त्यस्तो स्थानको अदालत ।

३१. <u>नियम बनाउने अधिकार</u> : यस ऐनको उद्देश्य पूरा गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

प्रमाणीकरण मितिः २०६३।७।७६

आज्ञाले,
डा. कुलरत्न भूर्तेल
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५४।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।